नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

परियोजना कार्यान्वयन एकाइ, दोलखा

# आवेदन माग तथा सुचिकृत सम्बन्धी सूचना

**सूचना नं.-०१ (प्रथम पटक सूचना प्रकाशित मिति: २०७८ साल भदौ ११ गते)**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, दोलखाले चालु आ.व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम देहायका कार्यक्रमहरु संचालन गर्नका लागि यस कार्यालयमा सुचिकृत भएका ईच्छुक कृषक समूह, कृषि सहकारी, समिति, कृषि फर्म र कृषि कम्पनीहरुले मिति २०७८ साल असोज १० गते भित्र आवश्यक कागजातहरु सहित कार्यालय समय भित्र आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । सुचिकृत नभएकाको हकमा अनिवार्य सुचिकृत भई निवेदन पेश गर्न सकिनेछ ।

| क्र.सं. | कार्यक्रमहरुको नाम | कार्यक्रमको विवरण | कार्यक्रम संचालन हुने स्थान | उपलब्ध हुने अनुदान |
|---|---|---|---|---|
| १ | प्याकेजिंग तथा पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण सहयोग (पटक : १) | ५ के.जी. र १० के.जी. क्षमताको कार्टुन बक्स वितरण | किवी जोनको कार्यक्षेत्र<br>१. भीमेश्वर न.पा.-१,६,७,८ र ९<br>२. जिरी न.पा.-२,४,६ र ७<br>३. शैलुंग गा.पा.-३,४,५,६,७ र ८<br>४. गौरीशंकर गा.पा.-१,३ र ४<br>५. विगु गा.पा.-३ र ४<br>६. कालिन्चोक गा.पा.-६ र ९ | बढीमा ८५% |
| २ | दोलखाको ब्राण्ड सहित किवी फलको बजारीकरणमा सहयोग (पटक : १) | १ के.जी. क्षमताको PP प्लाष्टिक बक्स वितरण | | बढीमा ८५% |
| ३ | कोल्ड रुम निर्माण सहयोग (पटक : १) | प्रस्ताव अनुसार | | बढीमा ८५% |
| ४ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार (संख्या : १५) | साना सिंचाई पूर्वाधार | | बढीमा ८५% |
| ५ | कृषि यान्त्रिकरण सहयोग (पटक : १) | ५ र ६ एच.पी. को मिनी टिलर | | बढीमा ५०% |
| ६ | स्थानीय तहसँग समन्वयमा स्थापित भएका किवी बगैंचामा थाँक्रामा ५०% अनुदान (हेक्टर : २०) | फलाम र जी.आई. पाइपको थाँक्रामा अनुदान | | बढीमा ५०% |
| ७ | नर्सरी श्रोत केन्द्र स्थापना सहयोग कार्यक्रम (संख्या : ९) | प्रस्ताव अनुसार | | बढीमा ५०% |
| ८ | जोन प्रभाव क्षेत्रमा क्षेत्रफल विस्तार कार्यक्रम (हेक्टर : २०) | किवी कलमी विरुवा, सिंचाई पूर्वाधार र थाँक्रा निर्माणमा अनुदान | | परियोजना कार्यान्वयन म्यानुअल, २०७७ अनुसार |
| ९ | गत वर्ष संचालित चक्लाबन्दी कार्यक्रमको निरन्तरता (पटक : २) | किवी कलमी विरुवा, सिंचाई पूर्वाधार र थाँक्रा निर्माणमा अनुदान | दोलखा जिल्ला भरी | परियोजना कार्यान्वयन म्यानुअल, २०७७ अनुसार |
| १० | स्थानीय तहको लागत सहभागितामा वीउ श्रोत केन्द्र स्थापना (संख्या : १) | प्रस्ताव अनुसार | | |

**आवश्यक कागजातहरु**

१. रु. १०/- को हुलाक टिकट टाँस गरि कार्यालयले तोकेको ढाँचामा निवेदन र प्राविधिक तथा आर्थिक प्रस्तावपत्र ।
२. संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) र आ.व. २०७७/७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु ।
३. कार्यक्रम माग र कार्यक्रम संचालनको लागि अख्तियार प्राप्त व्यक्तिको सम्बन्धमा संस्थाले गरेको निर्णयको प्रतिलिपि ।
४. अख्तियारवाला व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
५. सम्बन्धित स्थानीय तह/वडाको सिफारिस पत्र ।
६. जग्गाको लालपुर्जाको प्रतिलिपि र भाडाको जग्गा भएमा कम्तिमा १५ वर्षको करारनामा ।
७. कोल्ड रुम निर्माण आफ्नो निजि भवनमा संचालन गर्नु पर्ने भए सम्बन्धित स्थानीय तहबाट आफ्नो स्वामित्वमा घर/जग्गा रहेको सिफारिस पत्र वा बहालमा लिएको कोठा भएमा कम्तिमा ५ वर्षको करारनामा ।
८. बीउ श्रोत केन्द्र स्थापना कार्यक्रमको हकमा सम्बन्धित कृषि समूह, कृषि सहकारीले मात्र आवेदन पेश गर्न सक्ने र आफ्नो स्वामित्वमा जग्गा हुनुपर्ने ।
९. बीउ श्रोत केन्द्र स्थापना कार्यक्रमको हकमा सम्बन्धित संस्था रहेको स्थानीय तहबाट लागत सहभागिता सुनिश्चितताको सिफारिस पत्र ।

**नोट :**

- आवश्यक फारामहरुको लागि कार्यालयमा सम्पर्क गर्नुहुन वा वेबसाइट www.piudolakha.pmamp.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।
- कार्यक्रमहरु संचालन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ अनुसार गरिनेछ ।
- थप जानकारीको लागि ०४९-४२११३०, ९८५४०४८११७ र ९८५४०४५३३० नम्बरहरुमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

यामकुमार श्रेष्ठ
वरिष्ठ कृषि अधिकृत